सरावल गाउँपालिका
Sarawal Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.स. २०८१/०८२
च.न.

# गरिब घरपरिवार पहिचान तथा सर्वेक्षण २०७८ मा आधारित गरिब घर परिवारको प्रारम्भिक सूची सम्बन्धमा गुनासो दर्ता गर्ने सम्वन्धी १५ दिने सूचना!!!

सुचना प्रकाशन मितिः २०८१/०९/२९

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा २०७८ मा गरिएको सर्वेक्षणवाट प्राप्त तथ्यांकको विश्लेषणका आधारमा गाउँपालिका भित्र सुचिकृत भएका गरिव घरपरिवारको प्रारम्भिक सूची यस गाउँपालिकाको वेभसाईट, सूचना पाटी, वडा कार्यालय तथा विभिन्न सार्वजनिक स्थलमा प्रकाशन गरिसकिएको छ। उक्त सूचीमा आफ्नो नामावली एकिन गरी चित्त नबुझेमा वा सूचीमा रहेको कुनै नामावली चित्त नबुझी थपघट गर्नुपरेमा सरावल गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको गुनासो सुनुवाई ईकाईमा तोकिएको ढाँचामा गुनासो दर्ता फारम भरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दर्ता गरिसक्नुहुन गुनासो सुनुवाई समितिको मिति २०८१/०९/२८ गतेको निर्णयअनुसार अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र नियमानुसार गुनासो दर्ता नभएमा सूचना साथ रहेको प्रारम्भिक सूचीलाई नै अन्तिम रुप दिई सम्वन्धित मन्त्रालयमा पठाईने बेहोरा सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

नोटः- गुनासो सुनुवाई दर्ता सम्वन्धी निवेदनको ढाचा गाउँकार्यपालिका कार्यालयवाट उपलव्ध गराईनेछ। कुनै जिज्ञासा सम्वन्धमा गुनासो सुनुवाई अधिकारी शिवा थारु(९८६९००३२२१), समसुद्दिन शेष(९८०५४३७६५०) वा कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ।

.............................
बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत